आज मिति २०७६ साल मंशिर २२ गते बिहान ८: १५ बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गांउपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य राममाया |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री देबराज चौंलागांई | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

आमन्त्रित/बैठक सहयोगी

निर्णय नं.१

मनहरी गांउपालिकालाई यही २०७६ साल पौष २५ गतेका दिन बालमैत्री गांउपालिका घोषणा गर्ने कार्यक्रम तय भई सकेकोले सो दिन सभ्य र भव्य रुपमा बृहद जनसहभागीता सहीतको कार्यक्रम आयोजना गर्न लागिएकोले सम्माननिय राष्ट्रपति श्री बिधादेवी भण्डारीलाइ प्रमुख अतिथिको रुपमा आमन्त्रण गर्ने सर्बसम्तिबाट निर्णय गरियो ।

निर्णय नं.२

मनहरी गांउपालिकालाई बालमैत्री गांउपालिका बनाउने संदर्भमा हाल सम्म भए गरेका काम कारबाहीहरुको मुल्यांकन गरिदिनको लागी सम्बन्धित बिषय क्षत्रगत सुचकहरुको अनुगमन गरिदिन सामाजिक बिकास मंत्रालय ३ नं प्रदेश हटौंडालाई र जिल्ला समन्वय समितिको कार्यालय मकवानपुर अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.३

तपशील बमोजिम बिभिन्न मितिमा भएका कार्यक्रम कृयाकलापमा भएको खर्च रकम तपशीलमै उल्लेखित बिल बमोजिम सम्बन्धित व्यक्तिलाई सोधभर्ना भुक्तानि गर्ने निर्णय गरियो ।

तपशीलः

| सि.नं. | योजना/कार्यक्रमको नाम | भुक्तानि गर्ने रकम | खर्च शिर्षक |
|---|---|---|---|
| १ | वडा नं ६को रुपाचुरी फरिबाङ्गमा बिभिन्न मितिमा भएको बालमैत्री संदर्भको बिधालय अनुगमन निरिक्षणमा वडा बाल संजाल/ जनप्रतिनिधी /बालमैत्री स्वयमसेबक लगायतको टोलिको यातायात/खाना/खाजा/बिबिध खर्च बालमैत्री ६ नं स्वयमसेवक सुशीला सापकोटालाई सोधभर्ना भुक्तानी | २३२००। | चालु बिबिध |
| २ | वडा नं ६को रुपाचुरी फरिबाङ्गमा मिति २०७६/०७/०८ र ०९ मा भएको बालमैत्री संदर्भको टोल बिकास समिति/सामुदायीक बन/सहकारी लगायत संस्थाहरुलाइ अनुशिक्षण तथा नयां टोल बिकास संस्थाहरु गठन गर्ने कार्यक्रम संचालन गर्दाको बखत टोलिमा परिचालित गा.पा.उपाध्यक्ष, वडा अध्यक्ष, सामाजिक बिकास अधिकृत लगायत कर्मचारी/ वडा बाल संजाल/ जनप्रतिनिधी /बालमैत्री स्वयमसेबक लगायतको टोलिको यातायात/ खाना/ खाजा/ बिबिध खर्च स.म.बि.नि. शान्ति अधिकारीलाई सोधभर्ना भुक्तानी | ३६७३९। | चालु बिबिध |
| ३ | ज्यामिरे बिधुत भोल्टेज सुधार समितिबाट ट्रान्सफर्मर जडानको लागी खरीद भएको अर्थिङ्गको सामानको समिति अध्यक्ष रमिता योन्जनलाई सोधभर्ना भुक्तानि | २३५५८। | बिधुत बिस्तार तथा उज्यालो सडक पूंजिगत कार्यक्रमबाट |
| ४ | वडा नं ८ भएको अवैध गीटी ढुङ्गा बालुवा उत्खननको संदर्भमा वडा अध्यक्ष दिलबहादुर स्याङ्गतानबाट सोही वडा निबासी जयराम सुबेदीलाइ एक महिनाकोलागी खटाइएको भनि निजले पेश गरेको डोर हाजिर बमोजिमको रकम दिल बहादुर स्याङ्गतानलाइ सोधभर्ना भुक्तानी | २०२५० | गीटी ढुङ्गा बालुवा नदिजन्य पदार्थ व्यवस्थापन |

निर्णय नं ४.

मनहरी ३ हांडीखोला देखि हेटौंडा उ.म.न.पा. १९ साननान्टार जोड्न काठे सांघु निर्माण सम्पन्न गर्दा उपभोक्ता समितिबाट भएको खर्चमा केही रकम अनुदान स्वरुप सहयोग गर्न बिपद व्यवस्थापन कोषबाट रु.५००००। बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ५

आगामी बर्षात लगायतको समयमा हुने बिपदको समयमा बाढीबाट डुबान हुने क्षत्रमा उद्धार कार्य संचालन गर्न एक थान रोबर बोट खरीद गरि स्थानिय सुरक्षा निकायलाई उपलब्ध गराउन बिपद व्यवस्थापन कोषबाट रु.५०००००।बिनियोजन गर्ने निर्णय गरियो(लागतबारे जानकारी नभएकोले सो भन्दा बढी परेमा समेत सोही शीर्षक बाट भुक्तानी दिनेगरी) ।साथै गांउपालिकामा गर्मि/खडेरीको मौषममा हुने आगलागी लगायत प्राकृतिक प्रकोपमा अत्याबस्यक पर्ने एक थान दमकल आबस्यकता परेको तर आफ्नो श्रोतबाट मात्र खरीद कार्य गर्न सम्भव नभएकोले सोको लागी बजेट उपलब्ध गराईदिन वा खरीद गरि उपलब्ध गराईदिन ३ नं प्रदेश सरकार मुख्य मंत्री तथा मंत्रीपरिषद कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ६

हेटौंडामा संचालन हुने राष्ट्रिय स्तरको भेट्रान्स कप-२०७६ फुटबल प्रतियोगिताको लागी आर्थिक सहायता तथा उपचार कोषबाट रु.१००००।नियमानुसार अनुदान सहयोग गर्ने निर्णय गरियो ।साथै माझि समुदायद्धारा मकवानपुरको बकैया गा.पा.मा संचालन भएको फुटबल प्रतियोगिता समेतको लागी सोही शीर्षकबाट रु.२५०००।नियमानुसार अनुदान सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं ७

आ.ब.२०७६/०७७ मा कार्यान्वयन गर्नको लागी प्रधानमंत्री रोजगार परियोजना अन्तर्गत कामकालागी पारिश्रमिक आयोजना संचालन गर्न वडागत रुपमा प्राप्त सबै आयोजना सम्बन्धित निकायमा सिफारिस सहीत पठाउने प्रयोजनकोलागी सबै वडाहरुलाई सो संग सम्बन्धित निर्देशिकामा उल्लेख भएका बिषय क्षत्र तथा प्राथमिकता क्षत्रलाई मध्यनजर गरि वडा समितिको निर्णय सहीय तत्काल योजना माग गरि पठाउन सबै वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ८

राष्ट्पति चुरे तराई मधेस संरक्षण कार्यालय चितवनबाट माग भइ आएबमोजिम आगामी आ.ब.०७७/०७८ मा संचालन गर्न बिभिन्न नदिकटान नियन्त्रण तथा भु-संरक्षण,बृक्षारोपण,भिरालो जमिन संरक्षण,पानि पोखरी निर्माण,परम्परागत सिंचाइ कुलो संरक्षण तथा मर्मत प्रकृतिका योजना वडा समिति निर्णयबाट चयन गरि पठाउन सबै वडा कार्यालयहरुलाई जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं ९

वडा नं ९ रजैयामा निर्माणाधिन सामुदायीक भवनकोलागी छाना छाउने जस्तापाता सहयोग उपलब्ध गराईदिन स्थानिय मुकन्दप्रसाद अधिकारी सहीतले दिएको निबेदनको आधारमा प्राबिधिकबाट तोकिएको स्पेशिफिकेशन बमोजिम गुणस्तरको ३ बण्डल जस्तापाता खरीद गरि जिन्सि शाखा मार्फत बस्तुगत सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १०

तपशीलका पर्यटकीय क्षत्र लगायत आयोजनाहरुको बृस्तित परियोजना प्रस्ताब (DPR),सम्भाव्यता अध्ययन (Fisibility study),प्रारम्भिक बातावरणीय प्रभाव प्रतिबेदन लगायत अध्ययन प्रतिबेदन तयार गर्नु पर्ने भएकोले चालु आ.ब.को परिषदबाट सम्बन्धि योजनाको शीर्षकमा वजेट व्यबस्था भई खर्च हुन बांकी भएमा सोही बजेट शीर्षकबाट खर्च लेख्ने अन्यथा चालु भैपरी आउने बजेट शीर्षकबाट खर्च लेख्ने गरि कार्यालयमा सुचिकृत फर्महरु संग नियमानुसार परामर्श सेवा

खरीद गर्ने गरी तत्काल कार्यान्वयन गर्ने निर्णय गरियो । साथै सो कामकोलागी माथि उल्लेख गरेबमोजिम शीर्षकबाट खर्च लेख्न तपशील बमोजिम बजेट बिनियोजन गर्ने समेत निर्णय गरियो ।

तपशील:

| सि.नं | परियोजना/आयोजनाको नाम | वडा नं | बिनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १ | ल्याण्डफिल साईट को सम्भाव्यता अध्ययन र सो साईटको गुरु योजना (Master Plan) तयारी | गा.पा. क्षेत्रको जुनसुकै उपयुक्त स्थान | ५०००००। | चालु भैपरी |
| २ | समग्र पालिकाको फोहर व्यबस्थापन योजना तयार (weast management plan) | गा.पा.क्षत्रभर | ५०००००। | चालु भैपरी |
| ३ | ट्री हाउस पर्या-पर्यटकीय पार्कको गुरु योजना तयार(Master plan) | १ | २०००००। | सोही शीर्षकमा पूंजीगत बजेट मा बिनियोजितबाट कट्टा हुनेगरी |
| ४ | भिमान सहीद पार्कको गुरुयेजना तयार(Master plan) | २ | ३०००००। | सोही शीर्षकमा पूंजीगत बजेट मा बिनियोजितबाट कट्टा हुनेगरी |
| ५ | शिद्धकाली मंदीरको गुरु योजना (Master plan) | ३ | २०००००। | सोही शीर्षकमा पूंजीगत बजेट मा बिनियोजितबाट कट्टा हुनेगरी |
| ६ | बुद्ध शान्ती पार्कको गुरु योजना(Master plan) | ७ | २५००००। | चालु भैपरी |
| ७ | रमौली रंगशाला जाने बाटो निर्माण कार्यको बृस्तित परियोजना प्रस्ताव(DPR) | ७ | २०००००। | चालु भैपरी |
| ८ | टांसी फुन्छयोक छयोईलिङ्ग गुम्बामा बुद्ध मुर्ति राख्ने सहीतको गुरुयोजना (Master plan) | ८ | ३०००००। | चालु भैपरी |
| ९ | आधारभुत स्वास्थ्य सेवा केन्द्र (Type 2)भवनको बृस्तित परीयोजना प्रतिबेदन(DPR) | ६ | १०००००। | सोही शीर्षकमा शसर्त बजेट मा बिनियोजित बाट कट्टा हुनेगरी |
| १० | आधारभुत स्वास्थ्य सेवा केन्द्र (Type 1)भवन र प्राथमिक स्वास्थ्य केन्द्र मनहरी-७ को अस्थायी भवन समेतको बृस्तित परीयोजना प्रतिबेदन(DPR) | १,२,४,५,८,९ | १०००००। | सोही शीर्षकमा शसर्त बजेट मा बिनियोजित बाट कट्टा हुनेगरी |

एकराज उप्रेती

निर्णय नं ११

मिति २०७६/०८/०८ मा बसेको गांउ शिक्षा समितिको सिफारिस निर्णय बमोजिम वडा नं ५ को भोजशिद्ध मा.बि.मा मा.बि.द्वितिय श्रेणीमा कार्यरत शिक्षक पूर्णभद्र भुषाललाई गांउपालिकामा शिक्षा शाखा मातहत कार्य गर्न खटाउने निर्णय गरियो । साथै सोही बिधालयमा बिगत देखि निजि श्रोतमा कार्यरत बिज्ञान शिक्षकको गत २०७६ श्रावण महीना देखिको तलब भत्ता भुक्तानी गर्न सोही बैठकको सिफारिस बमोजिम शैक्षिक व्यवस्थापन अनुदान चालु खर्च शीर्षकबाट कट्टा हुने गरी रु.४५५०००। बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १२

यस चालु आ.ब.०७६/०७७ मा गांउ सभाबाट बजेट बिनियोजन गर्दा प्राबिधिक शिक्षालय तर्फ (महेन्द्रकिरण मा.बि. मनहरी ८ र महेन्द्रज्योती मा.बि. मनहरी ३) का दुबै बिधालयलाई संचालन अनुदान रकम बिनियोजन नभएको कारण बिधालयलाई आर्थिक समस्या परेकोले भनि वडा नं ३ को महेन्द्र ज्योति मा.बि. (भेटेनरी) हांडीखोलाको निबेदन को व्यहोरालाई मध्यनजर गर्दै नियमानुसार सो बिधालयलाई हाल रु.८०००००।(आठ लाख रुपैयामात्र) सोझै बिधालयको खातामा संचालन अनुदान स्वरुप रकम उपलब्ध गराउने निर्णय गरियो । त्यस्तो अनुदान रकम भुक्तानि गर्न भैपरी आउने कोषबाट रु.८०००००।बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १३

गत कार्यपालिका बैठकबाट वडा नं ६ को रुपाचुरी फरिवाङ्ग लगायत क्षत्रमा खानेपानी अभावको कारण आयोजना मर्मत तथा नयां आयोजना संचालन गर्न लाग्ने लागत अनुमान गरी पेश गर्न प्राबिधिक खटाउने निर्णय मुताबिक खटीएको प्राबिधिकबाट पेश भएको प्रतिबेदनको आधारमा तपशीलको आयोजनाहरु मर्मत/संचालन गर्न बिपद व्यवस्थापन कोषबाट रकम बिनियोजन गर्ने निर्णय गरियो । साथै वडा नं २ स्थित सीता मा.बि.मा खानेपानी अभाव भई माथिल्लो मुहानबाट पानी थप गर्न ३०० मी. ५० एम.एम.को खानेपानी पाईप कार्यालयबाट खरीद गरि बस्तुगत सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपशील:

| सि.नं | योजनाको नाम | बिनियोजित रकम | बजेट शीर्षक |
|---|---|---|---|
| १ | पधेरो डांडा पानी टयांङ्की/कुवा निर्माण | ३२५०००। | बिपद व्यबस्थापन |
| २ | आदामार खानेपानी योजना | ३५००००। | बिपद व्यबस्थापन |
| ३ | चिलाउनेटार खानेपानी योजना | २०००००। | बिपद व्यबस्थापन |
| ४ | पोलाघारी खानेपानी योजना | १२५०००। | बिपद व्यबस्थापन |

त्यस्तै वडा नं १, ८ र ९ मा समेत बिभिन्न स्थानको खानेपानी आयोजनाहरु मर्मत/संचालन गर्नुपर्ने भएकोले त्यस्ता आयोजना वडा कार्यालय संग समन्वय गरि प्रारम्भिक लागत अनुमान पेश गर्न प्राबिधिक खटाउने निर्णय गरियो ।

निर्णय नं १४

आ.ब.०७६/०७७ को लागी मनहरी गा.पा.क्षेत्रभित्र रहेका रासी मनहरी लगायत बिभिन्न खहरे खोलाबाट उत्खनन् गर्नुपर्ने प्रारम्भिक बातावरणीय प्रभाव प्रतिबेदन (IEE) मा उल्लेखित परीमाणमा नदीजन्य पदार्थ (ढुङ्गा,गीट्टी,बालुवा,रोडा आदी) कार्यकोलागी घटाघटमा उत्खनन कार्य गर्न बोलपत्र आव्हान गरेकोमा प्राप्त बोलपत्रको मुल्यांकन पश्चात उत्खनन भई घाट गद्धी गरेको सामग्री बिक्री गर्न नियमानुसार बिक्रि मुल्य निर्धारण गर्नुपर्ने भएकोले प्राबिधिकबाट सिफारिस

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

भएको आधारमा प्रति घन फिट सोझै मेशिनबाट लोड हुनेमा र घाट गद्धी गरेको स्थानबाट लोड गरिदिन परेमा हुने गरि बिक्री मुल्य निर्धारण गरी कार्यान्वयनकोलागी स्थानिय राजस्व परामर्श समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।साथै सो सम्बन्धि ठेक्काको सम्पुर्ण मुल्याङ्कन प्रकृया सम्पन्न भई कायदिश प्राप्त फर्म कम्पनीले काम सम्पन्न गरे पश्चात नियमानुसार कार्यालयले भुक्तानी गर्नु पर्ने प्रति ईकाइ उत्खनन कार्यको लागत रकम भुक्तानी गर्न गांउसभाबाट कुनै प्रकारको रकम बिनियोजन नभएकोले र बिक्रि मुल्यबाट आम्दानी भएको रकमबाट बजेटको परिधि बढाउन सकिने देखिएकोले पछि गांउसभाबाट संसोधन गर्ने गरि हाल जुनसुकै शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं १५

यस अघि प्रदेश नं ३ सरकारबाट मनहरी गा.पा.क्षेत्र भित्र एक कागज उधोग स्थापना गर्न चयन गरेको निर्णय प्रति धन्यबाद व्यक्त गर्दै मनहरी ९ चौधमाईल/ज्यामिरे क्षेत्रमा महेन्द्र राजमार्ग मुनी रहेको मानव बस्ती तथा घना जंगलबाट पर रहेको नदी उकास जग्गा मध्य पूर्वमा राजमार्ग/राप्ती नदी,पश्चिममा राजमार्ग/राप्ती नदी,उत्तरमा राजमार्ग र दक्षिणमा राप्ती नदी यति चार किल्ला भित्रको करीब १०० बिघाहा बढी क्षेत्रफल रहेको सार्बजनिक जग्गामा सो उधोग स्थापना गर्न बाताबरणीय तथा मानबिय दृष्टीकोण समेतबाट उपयुक्त रहेको हुंदा नियमानुसार जग्गा प्राप्ती गरि उधोग कागज स्थापना गर्न ३ नं प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १६

गांउपालिकाको केन्द्र (कार्यपालिकाको कार्यालय)हाल रजैयामा भाडामा संचालन गर्नु परिरहेको,कार्यालयको भवन बनाउन हाल सम्म नम्बरी जग्गा व्यबस्थापन गर्न नसकीएको र जग्गा खरीद गर्नकोलागी समेत आर्थिक अभावको कारण असमर्थ भएको, यस अघिको कार्यपालिका बैठकको निर्णय बमोजिम वडा नं ९ हरीयाली सामुदायीक बन क्षेत्र भित्र रहेको करीब १३ कठ्ठा चौरको रुपमा रहेको बोटबिरुवा रहीत सार्बजनिक जग्गामा गांउपालिकाको केन्द्र भवन निर्माणकोलागी तयार भएको ड्रईङ्ग डिजाईन, बृस्तित परीयोजना प्रस्ताव (DPR) तथा ल.ई. समेत तयार भएको अबस्थामा ठेक्का बन्दोबस्तीबाट निर्माण कार्य थालनी गर्नु पूर्व सो जग्गा प्राप्तीकोलागी प्रकृया अगाडी बढाउन पर्ने भएकोले पूर्बमा (बस्ती) व्यक्तिगत निजि जग्गा,पश्चिममा खोल्सी,उत्तरमा सामुदायीक बन क्षेत्र र दक्षिणमा महेन्द्र राजमार्ग यती चार किल्ला भित्रको करीब १३ कठ्ठा जग्गा उपलब्ध गराउन हरीयाली सामुदायीक बनको समेत सहमती रहेकोले उल्लेखित जग्गा नांप जांच गरी गांउपालिकाको नाममा भोगाधिकार उपलब्ध गराईदिन संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालय मार्फत संघीय सरकारको मंत्रीपरीषद लाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १७

तपशीलका बिभिन्न वडाबासीहरु बिभिन्न दीर्घ रोग तथा समस्याहरुबाट ग्रस्त भई उपचाररत रहेकोले यथासक्य आर्थिक सहयोग पांउ भनि पेश भएको निबेदन उपर पालिका स्तरीय मेडिकल बोर्डबाट समेत सिफारिस भएको आधारमा तपशीलमा उल्लेख भए बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपशील:

| सि.नं | नामथर | वडा नं | समस्या | सहायता रकम | खर्च शीर्षक |
|---|---|---|---|---|---|
| १ | माईली लामा | १ | पाठेघर क्यान्सर | १०००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |
| २ | भोजबहादुर रिजाल | ८ | | १०००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |
| ३ | अबिनाश मुक्तान | ३ | निमोनिया | ८००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |
| ४ | बुद्धीबहादुर पाख्रिन | ६ | क्यान्सर | १०००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |
| ५ | जगतबहादुर ब्लोन | ६ | क्यान्सर | १०००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

भएको आधारमा प्रति घन फिट सोझै मेशिनबाट लोड हुनेमा र घाट गढी गरेको स्थानबाट लोड गरिदिन परेमा हुने गरि बिक्री मुल्य निर्धारण गरी कार्यान्वियनकोलागी स्थानिय राजस्व परामर्श समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।साथै सो सम्बन्धि ठेक्काको सम्पुर्ण मुल्याङ्कन प्रकृया सम्पन्न भई कायदिश प्राप्त फर्म कम्पनीले काम सम्पन्न गरे पश्चात नियमानुसार कार्यालयले भुक्तानी गर्नु पर्ने प्रति ईकाइ उत्खनन कार्यको लागत रकम भुक्तानी गर्न गांउसभाबाट कुनै प्रकारको रकम बिनियोजन नभएकोले र बिक्रि मुल्यबाट आम्दानी भएको रकमबाट बजेटको परिधि बढाउन सकिने देखिएकोले पछि गांउसभाबाट संसोधन गर्ने गरि हाल जुनसुकै शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं १५

यस अघि प्रदेश नं ३ सरकारबाट मनहरी गा.पा.क्षेत्र भित्र एक कागज उधोग स्थापना गर्न चयन गरेको निर्णय प्रति धन्यबाद व्यक्त गर्दै मनहरी ९ चौधमाईल/ज्यामिरे क्षेत्रमा महेन्द्र राजमार्ग मुनी रहेको मानव बस्ती तथा घना जंगलबाट पर रहेको नदी उकास जग्गा मध्य पूर्बमा राजमार्ग/राप्ती नदी,पश्चिममा राजमार्ग/राप्ती नदी,उत्तरमा राजमार्ग र दक्षिणमा राप्ती नदी यति चार किल्ला भित्रको करीब १०० बिघाहा बढी क्षेत्रफल रहेको सार्बजनिक जग्गामा सो उधोग स्थापना गर्न बाताबरणीय तथा मानबिय दृष्टीकोण समेतबाट उपयुक्त रहेको हुंदा नियमानुसार जग्गा प्राप्ती गरि उधोग कागज स्थापना गर्न ३ नं प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १६

गांउपालिकाको केन्द्र (कार्यपालिकाको कार्यालय)हाल रजैयामा भाडामा संचालन गर्नु परिरहेको,कार्यालयको भवन बनाउन हाल सम्म नम्बरी जग्गा व्यबस्थापन गर्न नसकीएको र जग्गा खरीद गर्नकोलागी समेत आर्थिक अभावको कारण असमर्थ भएको, यस अघिको कार्यपालिका बैठकको निर्णय बमोजिम वडा नं ९ हरीयाली सामुदायीक बन क्षेत्र भित्र रहेको करीब १३ कठ्ठा चौरको रुपमा रहेको बोटबिरुवा रहीत सार्बजनिक जग्गामा गांउपालिकाको केन्द्र भवन निर्माणकोलागी तयार भएको ड्रईङ्ग डिजाईन, बृस्तित परीयोजना प्रस्ताब (DPR) तथा ल.ई. समेत तयार भएको अबस्थामा ठेक्का बन्दोबस्तीबाट निर्माण कार्य थालनी गर्नु पूर्व सो जग्गा प्राप्तीकोलागी प्रकृया अगाडी बढाउन पर्ने भएकोले पूर्बमा (बस्ती) व्यक्तिगत निजि जग्गा,पश्चिममा खोल्सी,उत्तरमा सामुदायीक बन क्षेत्र र दक्षिणमा महेन्द्र राजमार्ग यती चार किल्ला भित्रको करीब १३ कठ्ठा जग्गा उपलब्ध गराउन हरीयाली सामुदायीक बनको समेत सहमती रहेकोले उल्लेखित जग्गा नांप जांच गरी गांउपालिकाको नाममा भोगाधिकार उपलब्ध गराईदिन संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालय मार्फत संघीय सरकारको मंत्रीपरीषद लाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १७

तपशीलका बिभिन्न वडाबासीहरु बिभिन्न दीर्घ रोग तथा समस्याहरुबाट ग्रस्त भई उपचाररत रहेकोले यथासक्य आर्थिक सहयोग पांउ भनि पेश भएको निबेदन उपर पालिका स्तरीय मेडिकल बोर्डबाट समेत सिफारिस भएको आधारमा तपशीलमा उल्लेख भए बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपशील:

| सि.नं | नामथर | वडा नं | समस्या | सहायता रकम | खर्च शीर्षक |
|---|---|---|---|---|---|
| १ | माईली लामा | १ | पाठेघर क्यान्सर | १०००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |
| २ | भोजबहादुर रिजाल | ८ | | १०००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |
| ३ | अबिनाश मुक्तान | ३ | निमोनिया | ८००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |
| ४ | बुद्धीबहादुर पाख्रिन | ६ | क्यान्सर | १०००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |
| ५ | जगतबहादुर ब्लोन | ६ | क्यान्सर | १०००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |

निर्णय खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | हर्कबहादुर बाल्बा थिङ्ग | ६ | क्यान्सर | १०००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |
| ७ | प्रदिप अधिकारी | ८ | मानसिक अशक्त | १०००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |

निर्णय नं १८

मनहरी गांउपालिका कार्यालय समेतका बिरुद्ध सामना काष्ठ उधोग प्रा.लि.का प्रो. सुरज आचार्यले श्री उच्च अदालत पाटन हेटौंडा ईजलासमा दायर गर्नुभएको २०७४-wo-००६१ उत्प्रेषण निषेधाज्ञा युक्त परमादेश, त्यस्तै ओम सप्लायर्सका प्रो.बिकास बर्तौलाले दायर गरेको २०७४-wo-००६२ उत्प्रेषण निषेधाज्ञा युक्त परमादेश,त्यस्तै प्रशिद्धिका सप्लायर्सको प्रो.ऋषिलाल श्रेष्ठले दायर गर्नु भएको २०७४-wo-००६४ निषेधाज्ञा र न्यु समृद्धि ट्रेडर्सका प्रो.यदुनाथ श्रेष्ठले दायर गर्नु भएको२०७४-wo-००६५ निषेधाज्ञाको ४ थान मुद्धामा श्री उच्च अदालत पाटन हेटौंडा ईजलासबाट २०७६-०५-११ मा भएको आदेशहरुको प्रमाणीत प्रतिलिपी गांउपालिकाको तर्फबाट बहस पैरबी गर्ने बरिष्ठ अधिबक्ता एकराज बांस्तोलाबाट मिति २०७६-०७-२४ मा सारी लिई जानकारीमा आएकोले उक्त आदेशहरुमा गांउपालिका कार्यालयको चित्त नबुझेकोले थाहा पाएको मितिले म्याद भित्र सम्मानित सर्बोच्च अदालत काठमाण्डौमा मुद्धा दोहर्याई हेरिपाउँ भन्ने निबेदनपत्र मुद्धमामा आदेश गर्ने श्री उच्च अदालत पाटन हेटौंडा ईजलास मार्फत श्री सम्मानित सर्बोच्च अदालतमा कानुन व्यबसायी मुकरर गरी दोहोर्याई पाउँ निबेदन तयार गरी दायर गर्नकोलागी यस गाँउपालिकाको कानुनी सहजकर्ता रेखा सापकोटालाई अख्तियारी दिने निर्णय गरियो ।त्यसैगरि उक्त ४ थान निबेदनपत्रहरुमा श्री सर्बोच्च अदालतमा बहस पैरबी गर्नकोलागी कानुन व्यबसायी मुकरर गर्ने कामको जिम्मेवारी समेत निज कानुन सहजकर्ता रेखा सापकोटालाईनै दिने निर्णय गरियो ।

निर्णय नं १९

यस चालु आ.ब.०७६/०७७ को लागी गाँउपालिकाको तर्फबाट अदालतमा दायर हुने वा कार्यालयको बिरुद्ध दायर भएको (सुरु वा पुनराबेदन,दोहोर्याई पाउँ लगायतका जे जो) मुद्धामा भाग लिने वा बहस गर्ने कानुन व्यबसायी,सो मुद्धाको सिलसिलामा अदालत वा अन्य निकायमा कार्यालयको आदेश बमोजिम खटीने कानुनी सहजकर्ता लगायतका कर्मचारी /पदाधिकारीलाई दिइने पारिश्रमिक सुबिधाको बिषयमा गाँउसभाबाट कुनै दररेट निर्धारण नभएकोले त्यस्तो दररेट निर्धारण नहुन्जेलकालागी तपशील बमोजिम पारिश्रमिक सुबिधाको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।साथै त्यस्तो काममा खटाईएको व्यक्तिलाई काम अनुसारको पारिश्रमिक सुबिधा उपलब्ध गराउन हाल रु.५०००००।भैपरी आउने कोषबाट रकम बिनियोजन गर्ने समेत निर्णय गरियो ।

| सि.नं | अदालत | कानुन व्यबसायी भएमा प्रति बहस (कोर्ट फि: बाहेक) | कर्मचारी/पदाधिकारी भएमा |
|---|---|---|---|
| १ | सर्बोच्च अदालत तह | ५००००।(बढीमा) | नियमानुसार दैनिक भ्रमण भत्ता तथा यातायात खर्च |
| २ | उच्च अदालत तह | २००००।(बढीमा) | नियमानुसार दैनिक भ्रमण भत्ता तथा यातायात खर्च (रजैयाबाट हेटौंडा जाँदा समेत पाउने) |
| ३ | जिल्ला अदालत तह | १००००।(बढीमा) | नियमानुसार दैनिक भ्रमण भत्ता तथा यातायात खर्च (रजैयाबाट हेटौंडा जाँदा समेत पाउने) |

प्रदिप प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

साथै निर्णय नं १८ मा उल्लेखित लगायत मुद्दामा दोहोर्याई पाउँ निबेदनपत्र लेख्ने लगायतको अन्य मुद्दा सम्बद्ध काममा खटीने कानुन व्यबसायीलाई त्यस्तो काममा मुकरर गर्न अख्तियार प्राप्त कर्मचारी/पदाधिकारीले निज संगको सम्झौतामा उल्लेख गरे बमोजिम पारिश्रमिक भैपरी आउने शीर्षकबाट भुक्तानी गर्न सकिने समेत निर्णय गरियो ।

निर्णय नं २०

तपशीलका बिभिन्न कानुन कार्यबिधिहरु निर्माण गरि लागू गर्नुपर्ने भएकोले सो कामको लागी मस्यौदा तयार पार्न कार्यालयमा सुचीकृत परामर्शदाताहरु संग परामर्श सेवा खरीद गर्ने निर्णय गरियो ।साथै सो कामकोलागी बिभिन्न कार्यबिधि निर्माण तथा आबधिक योजना निर्माण शीर्षकबाट भुक्तानी हुने गरि रु.२०००००।बिनियोजन गर्ने निर्णय गरियो ।

तपशील:

| सि.नं | कार्यबिधि/कानुनको नाम | कैफियत |
|---|---|---|
| १ | जलश्रोत उपयोग कार्यबिधि-२०७६ | |
| २ | स्वास्थ्य बीमा कार्यक्रम संचालन कार्यबिधि-२०७६ | |
| ३ | खरको छाना बिस्थापन कार्यक्रम संचालन कार्यबिधि-२०७६ | |
| ४ | गाई बस्तुमा निशुल्कःकृतिम गर्भाधान कार्यक्रम संचालन कार्यबिधि-२०७६ | |
| ५ | कृषकलाई प्रतिलिटर दुग्धमा अनुदान दिने कार्यक्रम कार्यबिधि-२०७६ | |
| ६ | शैक्षिक अनुदान बितरण कार्यक्रम संचालन कार्यबिधि-२०७६ | |

निर्णय नं २१

तपशीलका बिभिन्न वडाहरुबाट माग भएका तपशीलका सार्बजनिक निर्माणका योजना हरु उपभोक्ता समिति गठन गरि संचालन गर्न तपशील बमोजिम शीर्षकबाट दायीत्व बहन गर्ने गरि बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

तपशील:

| सि.नं | कार्यक्रम/योजनाको नाम | वडा नं/स्थान | बिनियोजित रकम रु | खर्च शीर्षक |
|---|---|---|---|---|
| १ | केराबारी उप्रेती टोल जोड्ने सडक स्तरीकरण योजना | ९ | ३०००००। | भैपरी आउने |
| २ | घट्टेदमार दलित टोल जाने सडक स्लाब ढलान | ३ | ३०००००। | भैपरी आउने |
| ३ | महेन्द्रकिरण मा.बि.को प्राङ्गणबाट ट्रस हटाउने र अन्यत्र जडान गर्ने | ८ | ३०००००। | भैपरी आउने |
| ४ | राधाकृष्ण मंदीर जाने बाटो अधुरो कलभर्ट | ९ | १५००००। | भैपरी आउने |
| ५ | ढकाल टोलमा खानेपानी योजना मर्मतको लागी फिटिङ्गस सामग्री खरीद | ८ | २५०००। | मर्मत सम्भार कोष |

निर्णय नं २२

नेपाल भ्रमण बर्ष २०२० को संदर्भमा जिल्ला समन्वय समित मकवानपुर बाट आन्तरीक तथा बाह्य पर्यटनलाई प्रबर्धन गर्ने उद्धेश्यले गठीत जिल्ला स्तरीय सहजीकरण आयोजक समितको अनुरोधमा यस पालिकाले समेत तिन वटा पर्यटन गन्तव्य तोक्न आबस्यक रहेको हुंदा तपशीलक क्षत्रलाई भ्रमण बर्ष २०२० को पर्यटन गन्तव्य तोक्ने निर्णय गरि जि.स.स.मकवानपुरमा जानकारी पठाउने निर्णय गरियो ।

निर्णय ... प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

तपशील:

| सि.नं. | पर्यटकीय क्षत्र | वडा नं/स्थान |
|---|---|---|
| १ | मनहरी पिस पार्क | ८ सिम्पानी |
| २ | रमौली जंगल सफारी | ७ रमौली |
| ३ | बनकरीया होमस्टे | ४ ट्वाइरा |

निर्णय नं २३

आ.ब.०७६/०७७ को लागी ढुङ्गा,गीटी,बालुवा,रोडा लगायत नदीजन्य पदार्थको प्रदेश कानुनले तोकेबमोजिमको बिक्रि शुल्क(आन्तरीक राजस्व) अमानतमा संकलनकोलागी ईन्चार्ज सरोज मुक्तान सहीत संकलहरु ठाकुर घिसिङ्ग,हिरालाल थिङ्ग,बिनोद पाखिन,महेन्द्र राना र दिपक अमानतमा राजस्व संकलन कार्ययोजना २०७६ बमोजिम दैनिक ज्यालादारीमा कामकाज गराइएकोमा हाल सो संग सम्बन्धित सम्पूर्ण कामको ठेक्का बन्दोबस्ती भइ ठेकेदारबाट कार्य संचालन गरिसकेकोले ईन्चार्ज सरोज मुक्तानलाई सोही कार्यबिधिमा तोकिएकै सुबिधा निरन्तर पाउने गरि २०७७ अषाढ सम्म निरन्तरता दिइ नदिजन्य पदार्थ उत्खनन लगायतको काममा परिचालन गर्ने र बांकी अन्य ५ जना कर संकलकहरुलाई निजहरुको योगदानकोलागी धन्यबाद दिइ २०७६ मंशीर मशान्त सम्मको पारिश्रमिक भुक्तानी गरि बिदा गर्ने निर्णय गरियो ।

निर्णय नं २४

चालु आ.ब.०७६/०७७ को लागी गांउसभाबाट बिनियोजित बिभिन्न कार्यक्रम कृयाकलाप तथा आयोजनाहरु मध्य वडा नं ६ मा उल्लेख हुन पुगेको कृष्ण मंदीर मर्मत/निर्माण योजना वडा नं ७ रमौलीमा रहेको सामुदायीक लजको प्राङ्गण छेउ रहेको मंदीर हुन पर्नेमा भुलभवस भएको सो योजना वडा नं ६ बाट हटाइ वडा नं ७ मा कार्यान्वियन गर्ने गरि योजना संसोधन गर्ने निर्णय गरियो ।

निर्णय नं २५

गांउपालिकाको स्वामित्वमा रहेको टेलर सहीतको ट्याक्टरबाट अन्य कार्यको अलावा बिभिन्न टोल तथा बस्तिहरुको फोहर संकलन कार्य गरि बिसर्जन स्थलमा ढुवानी समेत भई आएकोले सो कामकोलागी एक जना सहयोगी कर्मचारी व्यबस्थापन गर्नु परेकोले हाल दैनिक रु.५०० भुक्तानी गर्ने गरि मनहरी ८ निबासी जयबहादुर जिम्बाको छोरा बर्ष ३७ को मंगलबहादुर जिम्बालाई दैनिक ज्यालादारीमा कामकाज गराउने निर्णय गरियो ।

एकराज उप्रेती
अध्यक्ष

निराज ... 
प्रमुख प्रशासकीय अधिकृत